# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असोज ३० गते, २०८३ साल (अतिरिक्ताङ्क ४८

## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०८३ सालको ऐन नं. १२

### राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : वैज्ञानिक विधि र पद्धतिको प्रयोगद्वारा प्रमाणको सङ्कलन तथा संरक्षण श्रृङ्खला कायम गर्दै, विश्लेषण तथा परीक्षण गरी कसुरको अनुसन्धान तथा न्याय सम्पादनमा सहयोग पुऱ्याउन र विधि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विज्ञानसम्बन्धी अध्ययन, अनुसन्धान तथा परीक्षणलाई प्रभावकारी, गुणस्तरीय, विश्वसनीय र विशिष्टिकृत बनाउन राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालत सम्झनुपर्छ र सो शब्दले कुनै खास किसिमका मुद्दाको कारबाही र किनारा गर्न कानूनबमोजिम अधिकारप्राप्त अन्य अदालत, न्यायिक निकाय वा अधिकारीलाई समेत जनाउँछ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा २० बमोजिमको कार्यकारी निर्देशक सम्झनुपर्छ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "निकाय" भन्नाले कुनै कसुरको अनुसन्धान गर्न प्रचलित कानूनले अख्तियारी प्रदान गरेको व्यक्ति, संस्था, निकाय वा अधिकारी सम्झनुपर्छ र सो शब्दले अनुसन्धान प्रयोजनको लागि नेपाल सरकारद्वारा गठित आयोग वा कार्यदललाई समेत जनाउँछ।

(ङ) "परीक्षण" भन्नाले कसुरको अनुसन्धान तथा न्याय सम्पादनको सिलसिलामा वैज्ञानिक विधि र पद्धतिको प्रयोगद्वारा प्रयोगशालाबाट गरिने रासायनिक, भौतिक वा जैविक प्रमाणको परीक्षण तथा विश्लेषण सम्झनुपर्छ।

(च) "प्रयोगशाला" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला सम्झनुपर्छ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको विधि विज्ञान सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ज) "विधि विज्ञानसँग सम्बन्धित वस्तु वा नमुना" भन्नाले परीक्षणको लागि प्रयोगशालामा प्राप्त हुने जैविक वा निर्जीव वस्तु वा प्रमाण सम्झनुपर्छ र सो शब्दले कसुरको अनुसन्धान वा न्याय सम्पादनको सिलसिलामा कुनै निकाय, अदालत वा अनुसन्धानको प्रयोजनको लागि नेपाल सरकारद्वारा गठित आयोग वा कार्यदलले परीक्षण गर्न पठाएको कुनै लिखत, मालसामान, भौतिक वस्तु वा डिजिटल तथा विद्युतीय सामग्री



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा अनुसन्धानसँग सम्बन्धित परिक्षणयोग्य वस्तु वा नमुनालाई समेत जनाउँछ।

(झ) "विशेषज्ञ" भन्नाले विधि विज्ञान वा विज्ञानसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी तालिम वा अनुभवबाट सम्बन्धित विधामा विशेष ज्ञानप्राप्त व्यक्ति सम्झनुपर्छ।

(ञ) "सञ्चालक समिति" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ।

## परिच्छेद-२

## प्रयोगशालाको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **प्रयोगशालाको स्थापना** : (१) वैज्ञानिक विधि र पद्धतिको प्रयोगद्वारा प्रमाणको सङ्कलन तथा संरक्षण श्रृङ्खला कायम गर्दै, विश्लेषण तथा परीक्षण गरी कसुरको अनुसन्धान तथा न्याय सम्पादनमा सहयोग पुऱ्याउन र विधि विज्ञानसम्बन्धी अध्ययन, अनुसन्धान तथा परीक्षणलाई प्रभावकारी, गुणस्तरीय, विश्वसनीय र विशिष्टीकृत बनाउने प्रयोजनको लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको स्थापना गरिएको छ।

(२) प्रयोगशालाको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र सबै प्रदेशमा प्रयोगशालाको शाखा कार्यालय स्थापना गरिनेछ।

(३) प्रयोगशालालाई अङ्ग्रेजी भाषामा नेशनल फरेन्सिक साईन्स ल्यावोरेटरी र संक्षेपमा (एन.एफ.एस.एल.) भनिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **<u>प्रयोगशाला स्वशासित र सङ्गठित संस्था हुने</u>** : (१) प्रयोगशाला एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) प्रयोगशालाले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानूनबमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. **<u>प्रयोगशालाको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त प्रयोगशालाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) कसुरको अनुसन्धान तथा न्याय सम्पादनको क्रममा आवश्यक पर्ने विधि विज्ञानसँग सम्बन्धित वस्तु वा नमुनाको परीक्षण गरी प्रतिवेदन दिने,

(ख) प्रयोगशालाबाट गरिएको परीक्षण तथा विश्लेषणका सम्बन्धमा अदालत वा कुनै निकायबाट राय वा विवरण माग भएमा लिखित राय वा विवरण उपलब्ध गराउने,

(ग) विधि विज्ञानको क्षेत्रमा अध्ययन, अनुसन्धान, परीक्षण तथा विश्लेषण गर्ने,

(घ) विधि विज्ञानसँग सम्बन्धित विषयमा आवश्यक तालिम तथा प्रशिक्षण दिने,

(ङ) अनुसन्धान वा न्याय सम्पादनका क्रममा मानव शरीरसँग सम्बन्धित नमुना, वनस्पति तथा वन्यजन्तुको आखेटोपहार लगायतका विधि विज्ञानसँग सम्बन्धित वस्तु वा नमुनाको परीक्षणको लागि प्रयोगशालालाई सन्दर्भ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रयोगशाला (रेफरेन्स ल्याबोरेटरी) को रूपमा विकास गर्ने,

(च) प्रयोगशालाको भौतिक पूर्वाधार विकासको लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा निजीक्षेत्रसँग सहकार्य तथा समन्वय गर्ने,

(छ) प्रयोगशालामा परीक्षणको लागि प्राप्त नमुनाको सुरक्षा तथा व्यवस्थापन गर्ने र प्रयोगशाला सम्बन्धी कागजात तथा परीक्षण प्रतिवेदनको अभिलेख सुरक्षित तथा व्यवस्थित रूपमा राख्ने, र

(ज) विधि विज्ञान सम्बन्धी नीति निर्माण गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने।

## परिच्छेद-३

## सञ्चालक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **सञ्चालक समिति** : (१) प्रयोगशालाको विकास र विस्तारको लागि नीति निर्धारण गर्न तथा प्रयोगशालाको कामकारबाहीलाई व्यवस्थित बनाउने सम्बन्धमा आवश्यक निर्देशन दिन देहाय बमोजिमको एक सञ्चालक समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रचलित कानूनबमोजिम मान्यताप्राप्त विश्वविद्यालयबाट विधि विज्ञानसँग सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी कम्तीमा दश वर्षको कार्य अनुभव भएको वा स्नातकोत्तर तह उत्तीर्ण गरी कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको वा विद्यावारिधि उपाधि हासिल गरी कम्तीमा तीन वर्षको कार्य अनुभव भएको विज्ञ व्यक्तिहरू मध्येबाट फरक-फरक विधाबाट प्रतिनिधित्व हुनेगरी मन्त्रालयले मनोनयन गरेका कम्तीमा दुई जना महिलासहित चार जना -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) प्रचलित कानूनबमोजिम मान्यताप्राप्त विश्वविद्यालयबाट विधि विज्ञान चिकित्सा, रसायन विज्ञान, जीव विज्ञान, भौतिक विज्ञान वा विधि विज्ञानसँग सम्बन्धित विभिन्न विषयका सहप्राध्यापकमध्येबाट मन्त्रालयले फरक-फरक विधा समेटिने गरी मनोनयन गरेका कम्तीमा दुई जना महिला सहित चार जना -सदस्य

(ङ) कार्यकारी निर्देशक -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमका सदस्यहरूको मनोनयन गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमको मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको पद कुनै कारणले रिक्त भएमा सो पदमा सोही समूहबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यको कार्यसम्पादन सन्तोषजनक नदेखिएमा मन्त्रालयले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

७. **<u>सञ्चालक समितिको बैठक र निर्णय</u>** : (१) सञ्चालक समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ र आवश्यकताअनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सदस्य-सचिवले सञ्चालक समितिको बैठक बस्नुभन्दा कम्तीमा अठ्चालिस घण्टा अगावै बैठकमा छलफल हुने विषय सहितको सूचना सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आकस्मिक रूपमा सञ्चालक समितिको बैठक बस्नुपर्ने अवस्थामा तत्काल सूचना दिई बैठक बस्न बाधा पुगेको मानिनेछैन।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) सञ्चालक समितिको बैठकमा कुल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

तर आमन्त्रित व्यक्तिलाई मतदान गर्ने अधिकार हुनेछैन।

(८) बैठकको निर्णय छुट्टै पुस्तिकामा अभिलेख गरिनेछ र त्यस्तो निर्णय पुस्तिकामा बैठकको अध्यक्षता गर्ने व्यक्ति र उपस्थित सदस्यले दस्तखत गर्नु पर्नेछ।

(९) सञ्चालक समितिले आवश्यकताअनुसार विधिविज्ञानसँग सम्बन्धित कुनै विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(१०) सञ्चालक समितिको बैठकमा छलफल गरिने विषयमा कुनै सदस्य तथा आमन्त्रित व्यक्तिको स्वार्थ बाझिने अवस्था भएमा त्यस्तो सदस्यले लिखित रूपमा घोषणा गरी सो विषयको छलफल तथा निर्णय प्रक्रियाबाट अलग रहनु पर्नेछ।

(११) समितिको बैठक भौतिक रूपमा बस्न सम्भव नभएमा प्रविधिको प्रयोग गरी विद्युतीय (भर्चुअल) माध्यमबाट बस्न सक्नेछ।

(१२) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

८. **<u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्रयोगशालाको नीति, मापदण्ड, योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रत्येक तीन महिनामा प्रयोगशालाबाट सम्पादन भएका कामको प्रगति समीक्षा र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(ग) विधि विज्ञानसम्बन्धी नमुना संकलन, परीक्षण, विश्लेषण तथा अध्ययन, अनुसन्धानमा एकरूपता र गुणस्तर कायम गर्ने सम्बन्धमा मानक (स्ट्याण्डर्ड अपरेटिङ प्रोसिजर) तर्जुमा गरी लागु गर्ने,

(घ) प्रयोगशालाको लागि जनशक्ति लगायत आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,

(ङ) विधि विज्ञानसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा नवीन प्रविधिको विकास, प्रबर्धन तथा प्रयोग सम्बन्धी स्वदेशी अनुसन्धानकर्ता तथा विश्वविद्यालयसँग आवश्यक सहकार्य गर्ने,

(च) प्रयोगशालाको कर्मचारीको क्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने वा गराउने,

(छ) प्रयोगशालाको काम कारबाहीको सम्बन्धमा सम्बन्धित निकायका बीचमा समन्वय तथा सहकार्य गर्ने, र

(ज) नेपाल सरकारको सहमति लिई विधि विज्ञानसँग सम्बन्धित मान्यताप्राप्त आधिकारिक अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग अध्ययन, अनुसन्धान, प्रविधि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हस्तान्तरण, क्षमता विकास तथा प्राविधिक सहकार्य गर्ने।

## परिच्छेद-४
## परीक्षण सम्बन्धी व्यवस्था

९. **परीक्षण गर्नुपर्ने** : (१) प्रयोगशालाले अदालतको आदेशबमोजिम वा कुनै निकायबाट वैज्ञानिक परीक्षणको लागि प्राप्त हुन आएका विधि विज्ञानसँग सम्बन्धित वस्तु वा नमुनाको परीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अदालत वा कुनै निकायले प्रयोगशालामा परीक्षणको लागि विधि विज्ञानसँग सम्बन्धित वस्तु वा नमुना परीक्षण गर्न पठाउँदा त्यस्तो वस्तु वा नमुनाको प्रकृति, मात्रा वा अन्य विवरण प्रयोगशालाले निर्धारण गरेबमोजिम पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त विधि विज्ञानसँग सम्बन्धित वस्तु वा सोको नमुना उपदफा (२)बमोजिम नभई परीक्षण गर्न योग्य नठहरिएमा प्रयोगशालाले सोको कारण खोली बढीमा सात दिनभित्र सम्बन्धित निकायमा फिर्ता पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सङ्कलन गरिएको नमुना प्रयोगशालाले परीक्षण गर्दा स्तरीकृत परीक्षण विधि अनुसार गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम परीक्षण गर्दा प्रयोगशालाले परीक्षणको वैज्ञानिक आधार तथा प्राप्त हुन आएको नतिजा उल्लेख गरी सोको प्रतिवेदन र फिर्ता पठाउन सकिने सङ्कलित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नमुना तोकिएको समयभित्र सम्बन्धित अदालत वा निकायमा फिर्ता पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदन तथा अन्य विवरण प्रयोगशालाले प्रचलित कानूनबमोजिम अधिकारप्राप्त अधिकारीलाई दिनुपर्ने अवस्थामा बाहेक गोप्य राख्नु पर्नेछ।

(७) यस दफाबमोजिम परीक्षण भएका वस्तु वा नमुनाको परीक्षणसम्बन्धी प्रतिवेदन र विवरणको अभिलेख डिजिटल रूपमा समेत राख्नु पर्नेछ।

(८) प्रयोगशालाले यस दफा बमोजिमको परीक्षण गर्दा प्रयोगशाला व्यवस्थापन प्रणाली अवलम्बन गर्नेछ।

१०. **<u>डिएनए (डीअक्सीराइवो न्युक्लिक एसिड) परीक्षण गर्ने</u>** : (१) अदालत वा कुनै निकायबाट डिएनए परीक्षणको लागि लेखी आएमा त्यस्तो अदालत वा निकायले पठाएको नमुना र आवश्यक भएमा निर्धारित प्रक्रियाअनुसार प्रयोगशालाले सम्बन्धित व्यक्तिबाट आवश्यक नमुना सङ्कलन गरी परीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा प्रयोगशालाले वैज्ञानिक रूपमा प्रमाणीकरण भएका, न्यायिक ग्राह्यता लगायत अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रचलित विधि र प्रविधिको प्रयोग गर्नु पर्नेछ।

(३) डिएनएको नमुना सङ्कलन, भण्डारण, ढुवानी, परीक्षण तथा अभिलेखीकरणको सम्पूर्ण प्रक्रिया स्तरीकृत मापदण्डअनुसार गर्नु पर्नेछ।

११. **<u>पुनः परीक्षण गर्नसक्ने</u>** : (१) कुनै नमुनाको पुनः परीक्षण गर्न अदालतबाट लेखी आएमा प्रयोगशालाले त्यस्तो नमुनाको पुनः परीक्षण गरी प्रतिवेदन दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम पुनः परीक्षणको लागि कार्यकारी निर्देशकले आवश्यकताअनुसार विशेषज्ञको टोली गठन गर्न सक्नेछ।

१२. **नमुना सुरक्षित राख्नुपर्ने** : (१) प्रयोगशालाले दफा ९ बमोजिम सङ्कलित नमुनाको गुणस्तरमा ह्रास नआउने गरी परीक्षण कार्य समाप्त नभएसम्म सुरक्षित राख्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परीक्षण पश्चात परीक्षण प्रतिवेदनसाथ फिर्ता पठाउन नसकिने किसिमका भिसेरा, रगत लगायतका जैविक नमुना सुरक्षित राख्नु पर्नेछ र निर्धारित अवधिपछि प्रयोगशालाले त्यस्तो नमुनाको उचित तरिकाले व्यवस्थापन गर्नु पर्नेछ।

१३. **शुल्क लिनसक्ने** : (१) प्रयोगशालाले विधि विज्ञानसँग सम्बन्धित वस्तु वा नमुनाको वैज्ञानिक परीक्षण बापत शुल्क लिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वादी भएका मुद्दासँग सम्बन्धित वस्तु वा नमुनाको परीक्षण गर्न लेखी आएमा प्रयोगशालाले निःशुल्क परीक्षण गर्नु पर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक रूपमा विपन्न व्यक्तिले विपन्नताको प्रमाण सहित निःशुल्क परीक्षणको लागि अनुरोध गरेमा विधि विज्ञानसँग सम्बन्धित बस्तु वा नमुनाको निःशुल्क रूपमा परीक्षण गरिनेछ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "आर्थिक रूपमा विपन्न व्यक्ति" भन्नाले प्रचलित कानूनबमोजिम विपन्न परिचयपत्र प्राप्त गरेको वा सम्बन्धित स्थानीय तहले आर्थिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रूपमा विपन्न भनी दिएको सिफारिस वा प्रमाण पेश गरेको व्यक्ति सम्झनुपर्छ।

**१४. <u>विशेषज्ञको राय उपलब्ध गराउनसक्ने</u>** : (१) दफा ९ बमोजिम परीक्षण गरिएका वस्तु वा नमुनाको परीक्षण प्रतिवेदनको सम्बन्धमा अदालत वा निकायबाट कुनै विशेषज्ञको राय माग भई आएमा प्रयोगशालाले विशेषज्ञको राय उपलब्ध गराउन सक्नेछ।

(२) अदालतको आदेशबमोजिम बयान वा बकपत्रको लागि उपस्थित हुने विशेषज्ञलाई सञ्चालक समितिले निर्धारण गरे बमोजिमको सुविधा प्रयोगशालाले उपलब्ध गराउनेछ।

**१५. <u>अन्य प्रयोगशालाबाट परीक्षण गराउनसक्ने</u>** : प्रयोगशालामा परीक्षणको लागि प्राप्त भएका विधि विज्ञानसँग सम्बन्धित वस्तु वा नमुनाको परीक्षण गर्ने सिलसिलामा कुनै विशेषज्ञ वा प्रविधि तत्काल उपलब्ध नभएमा वा अन्य कुनै कारणले त्यस्तो वस्तु वा नमुना अन्य स्वदेशी वा विदेशी प्रयोगशालासँग सम्पर्क राखी परीक्षण गर्नुपर्ने अवस्था देखिएमा सञ्चालक समितिको स्वीकृति लिई प्रयोगशाला आफैंले त्यस्तो वस्तुको स्वदेशी वा विदेशी मान्यताप्राप्त प्रयोगशालाबाट परीक्षण गराउन सक्नेछ।

## परिच्छेद-५
## <u>डिएनए डाटा बैङ्क</u>

**१६. <u>डिएनए डाटा बैङ्कको स्थापना तथा सञ्चालन</u>** : (१) प्रयोगशालाले डिएनए प्रोफाइलहरूको व्यवस्थित डिजिटल अभिलेख राख्न डिएनए डाटा बैङ्कको स्थापना तथा सञ्चालन गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बेपत्ता तथा पहिचान नखुलेको व्यक्तिको पहिचानको लागि प्रचलित कानूनबमोजिम अधिकारप्राप्त निकायबाट माग भई आएमा उक्त प्रयोजनका लागि प्रयोगशालाले डिएनए डाटा बैङ्क अन्तर्गत पारिवारिक डिएनए डाटाबेस सम्बन्धी कार्य गर्न सक्नेछ।

(३) डिएनए डाटा बैङ्कमा अन्य प्रयोगशालाबाट प्राप्त हुने डिएनए प्रोफाइल डाटालाई समेत तोकिएको ढाँचामा सङ्कलन गरी अभिलेख राख्न सकिनेछ।

१७. **डिएनए डाटा बैङ्कको प्रयोग** : (१) कसुरको अनुसन्धान तथा न्याय सम्पादन एवं बेपत्ता तथा पहिचान नखुलेको व्यक्तिको पहिचानको लागि डिएनए डाटा बैङ्कको प्रयोग गर्न सकिनेछ।

तर प्रयोगशालाले व्यक्तिगत गोपनीयता सुनिश्चित गरी जनसाङ्ख्यिक डिएनए तथ्याङ्कीय विश्लेषण तथा अनुसन्धानको लागि डिएनए प्रोफाइल डाटा प्रयोग गर्न सक्नेछ।

(२) कसुरको अनुसन्धान वा अभियोजनको प्रयोजनकोलागि शंकित व्यक्तिको डिएनए प्रोफाइल तथा विश्लेषण नतिजा अदालतको अनुमति लिई माग गरेमा प्रयोगशालाले डिएनए डाटा बैङ्कबाट त्यस्तो शङ्कित व्यक्तिको डिएनए प्रोफाइल तथा विश्लेषण नतिजा उपलब्ध गराउनु पर्नेछ।

(३) डिएनए परीक्षणका लागि नमुना सङ्कलन गर्दा मन्जुरी गरिएको प्रयोजन बाहेक अन्य प्रयोजनका लागि डिएनए डाटा प्रयोग गर्न पाइनेछैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर अदालतबाट कसूरदार ठहर भएको व्यक्तिको डिएनए प्रोफाइल डिएनए डाटा बैङ्कमा समावेश गर्न त्यस्तो व्यक्तिको सहमति आवश्यकता पर्ने छैन।

(४) कुनै मुद्दाको अनुसन्धान गर्दा वा न्यायिक कारबाही वा फैसला कार्यान्वयनको सिलसिलामा प्रमाणको लागि डिएनए डाटा बैङ्कमा रहेको कुनै व्यक्तिको डिएनए प्रोफाइलको विवरण विदेशी मुलुकले माग गरेमा त्यस्तो मुलुकलाई पारस्परिक कानूनी सहायतासम्बन्धी प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी दिन सकिनेछ।

१८. **<u>डिएनए प्रोफाइल हटाउनुपर्ने</u>** : (१) अभियोग लागेको व्यक्तिले अदालतबाट सफाइ पाई मुद्दाको अन्तिम किनारा भएको एक वर्ष पछि प्रयोगशालाले डिएनए डाटा बैङ्कबाट उक्त व्यक्तिको डिएनए प्रोफाइल हटाउनु पर्नेछ।

(२) बेपत्ता भएको वा पहिचान नखुलेको व्यक्तिको पहिचानको लागि डिएनए डाटा बैङ्कमा सुरक्षित डिएनए प्रोफाइल त्यस्तो व्यक्तिको पहिचान खुलेको वा फेला परेको एक बर्षभित्र निजको डिएनए प्रोफाइल डिएनए डाटा बैङ्कबाट हटाउनु पर्नेछ।

१९. **<u>डाटा बैङ्कको गोपनीयता</u>** : (१) प्रयोगशालाले डिएनए डाटा बैङ्कका डिएनए प्रोफाइलको गोप्य र सुरक्षित अभिलेख राख्ने व्यवस्था गर्नेछ।

(२) डिएनए डाटा बैङ्कमा समावेश भएको डिएनए प्रोफाइल तथा विश्लेषण नतिजा प्रचलित कानूनबमोजिम अधिकारप्राप्त अधिकारी वा निकायलाई मात्र उपलब्ध गराउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-६

## कार्यकारी निर्देशक र कर्मचारी सम्बन्धी व्यवस्था

२०. **कार्यकारी निर्देशक** : (१) प्रयोगशालाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एक जना कार्यकारी निर्देशक रहनेछ।

(२) उपदफा (३) बमोजिमको सिफारिस समितिले सिफारिस गरेका व्यक्तिमध्येबाट नेपाल सरकारले उपयुक्त ठहऱ्याएको एक जनालाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ।

(३) कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि सिफारिस गर्न लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सदस्यको अध्यक्षतामा मन्त्रालयको सचिव र मन्त्रालयले तोकेको विधि विज्ञानसँग सम्बन्धित क्षेत्रको एकजना विज्ञ रहेको तीन सदस्यीय सिफारिस समिति गठन हुनेछ।

(४) सिफारिस समितिले कार्य प्रारम्भ गरेको मितिले एक महिनाभित्र दफा २१ बमोजिमको योग्यता पूरा भएका व्यक्तिमध्येबाट खुला प्रतिस्पर्धाको माध्यमबाट छनौट गरी कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि तीन जनासम्मको नाम सिफारिस गर्नु पर्नेछ। त्यसरी नाम सिफारिस गर्दा अवलम्बन गर्ने कार्य प्रक्रिया र छनौटको विधि सिफारिस समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक पटकको लागि पुनः नियुक्त हुन सक्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्था भएमा  कार्यकारी निर्देशकलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकारले कार्यकाल समाप्त हुनु अगावै पदबाट हटाउन सक्नेछ :-

(क) प्रयोगशालालाई हानि-नोक्सानी हुने कुनै काम गरेमा,

(ख) आफ्नो पदको पदीय जिम्मेवारी पूरा नगरेमा,

(ग) यस ऐन वा प्रयोगशालाको हित विपरीतको कार्य गरेमा, वा

(घ) निजको कार्यसम्पादन सन्तोषजनक नरहेमा वा निजमा कार्यक्षमताको अभाव भएमा।

(७) उपदफा (६) बमोजिम कार्यकारी निर्देशकलाई पदबाट हटाउनुअघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(८) कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा तथा सेवाको सर्त नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछ।

२१. **कार्यकारी निर्देशकको योग्यता** : कार्यकारी निर्देशकको पदमा नियुक्त हुन देहायबमोजिमको योग्यता भएको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) प्रचलित कानूनबमोजिम मान्यता प्राप्त विश्वविद्यालयबाट विधि विज्ञान चिकित्सा, रसायन विज्ञान, जीव विज्ञान, भौतिक विज्ञान वा विधि विज्ञान विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको र विधि विज्ञानसँग सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभिन्न क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव भएको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण, जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(घ) साठी वर्ष ननाघेको,

(ङ) प्रचलित कानूनबमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य नभएको,

(च) विदेशको स्थायी आवासीय अनुमति नलिएको र सोको लागि आवेदन नदिएको, र

**स्पष्टीकरण** : यस परिच्छेदको प्रयोजनको लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डी.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(छ) उच्च नैतिक चरित्र भएको।

२२. **कार्यकारी निर्देशकको पद रिक्त हुने** : कार्यकारी निर्देशकको पद देहायको अवस्थामा रिक्त हुनेछ :-

(क) निजको कार्यकाल समाप्त भएमा,

(ख) निजले सञ्चालक समितिको अध्यक्षसमक्ष लिखित राजीनामा दिएमा,

(ग) दफा २० को उपदफा (६) बमोजिम नेपाल सरकारले निजलाई पदबाट हटाएमा,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता लिएमा वा सोको लागि निवेदन दिएमा,

(ङ) निजमा दफा २१ बमोजिमको योग्यता नरहेमा वा नियुक्ति हुँदाका बखत त्यस्तो योग्यता नरेहको भन्ने पछि पत्ता लागेमा, वा

(च) निजको मृत्यु भएमा।

२३. **कामकाज गर्न तोक्नसक्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले कार्यकारी निर्देशक निलम्बन भएमा वा निजको पद रिक्त भएमा निजको निलम्बन फुकुवा वा अर्को कार्यकारी निर्देशक नियुक्त नभएसम्मको लागि मन्त्रालयले प्रयोगशालाको वरिष्ठतम् कर्मचारीलाई कार्यकारी निर्देशकको रूपमा कामकाज गर्न तोक्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम कामकाजको लागि तोकिएको कार्यकारी निर्देशकले यस ऐनबमोजिम कार्यकारी निर्देशकलाई भएको अधिकार प्रयोग गर्न सक्नेछ।

२४. **<u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्रयोगशालाको विकास तथा विस्तारको लागि नीति निर्धारण गर्न सञ्चालक समितिलाई सहयोग गर्ने,

(ख) प्रयोगशालामा कार्यरत मानव संसाधनको विकास र व्यवस्थापन सम्बन्धमा दीर्घकालीन तथा अल्पकालीन योजना तयार गर्ने,

(ग) प्रयोगशालाको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने,

(घ) प्रयोगशालाको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने,

(ङ) प्रयोगशालाबाट भए गरेका काम कारबाहीको सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने,

(च) प्रयोगशालाको व्यवस्थापन तथा सञ्चालनको लागि आवश्यक पर्ने यन्त्र उपकरण तथा अन्य सामग्रीको व्यवस्था गर्ने, गराउने,

(छ) प्रयोगशालाबाट भए गरेका वैज्ञानिक परीक्षणको अभिलेख राख्ने वा राख्न लगाउने,

(ज) प्रयोगशालाको गुणस्तरीयता सुनिश्चित गर्न आवश्यक कार्य गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) प्रयोगशालासँग सम्बन्धित स्वदेशी तथा विदेशी सङ्घ संस्थासँग सम्पर्क तथा समन्वय गर्ने,

(ञ) प्रयोगशालाको प्रशासनिक तथा वित्तीय व्यवस्थापन गर्ने,

(ट) सञ्चालक समितिको स्वीकृतिमा आवश्यकताअनुसार विशेषज्ञको सेवा लिने,

(ठ) प्रयोगशालासँग सम्बन्धित गुनासो सुनुवाइको व्यवस्था गर्ने,

(ड) सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने, र

(ढ) प्रयोगशालाको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्ने।

**२५. <u>कर्मचारी</u>** : (१) प्रयोगशालामा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन् र प्रयोगशालामा रहने कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरेबमोजिम हुनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि दरबन्दी यकीन गर्न प्रयोगशालाले आफ्नो उद्देश्य तथा कार्यबोझ समेतका आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरी सञ्चालक समितिमार्फत मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(३) नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने भएमा उपदफा (१) बमोजिमको दरबन्दी स्वीकृत गर्नुभन्दा अगाडि अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमका कर्मचारी नियुक्ति गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-७

## प्रयोगशालाको कोष, लेखा तथा लेखापरीक्षण

२६. **प्रयोगशालाको कोष** : (१) प्रयोगशालाको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) प्रयोगशालाले कुनै सेवा उपलब्ध गराएकोमा सेवा शुल्क वापतको रकम,

(ग) प्रयोगशालाबाट सञ्चालित तालिम र अनुसन्धानबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ वा संस्थाबाट प्राप्त रकम, र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नुअघि प्रयोगशालाले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनबमोजिम इजाजतपत्र प्राप्त "क" वर्गको बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको कोषबाट प्रयोगशालाको सबै खर्च व्यहोरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. **लेखा र लेखापरीक्षण** : (१) प्रयोगशालाले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणालीबमोजिम राख्नु पर्नेछ।

(२) प्रयोगशालाको आन्तरिक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) नेपाल सरकारले आवश्यकता महसुस गरेको समयमा प्रयोगशालाको हिसाबकिताब जाँच गर्न वा गराउन सक्नेछ।

## परिच्छेद-८

## विविध

२८. **वार्षिक प्रतिवेदन** : (१) प्रयोगशालाले आर्थिक वर्ष समाप्त भएको पैंतालिस दिनभित्र वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा प्रयोगशालाले वर्षभरिमा गरेको कामको संख्यात्मक तथा गुणात्मक विवरण, प्रगति समिक्षा, उपलब्धि, सम्भावना, चुनौती र समाधानका उपाय लगायतका कुराहरू समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन प्रयोगशालाले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९. **उपसमिति गठन गर्नसक्ने** : (१) सञ्चालक समितिले प्रयोगशालाको काम कारबाहीमा सहयोग पुऱ्याउन आवश्यकताअनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्याविधि उपसमिति गठन गर्दाको बखत सञ्चालक समितिले तोकेबमोजिम हुनेछ।

३०. **अधिकार प्रत्यायोजन** : (१) सञ्चालक समितिले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार सञ्चालक समितिको कुनै सदस्य वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार प्रयोगशालाको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३१. **निर्देशन दिनसक्ने** : (१) प्रयोगशालाको काम कारबाही तथा गुणस्तरमा अवलम्बन गर्नुपर्ने स्थापित अभ्यास, डिएनए बैङ्क सम्बन्धी विषय, प्रयोगशालाको सञ्चालन, आर्थिक अनुशासन लगायतका विषयमा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु प्रयोगशालाको कर्तव्य हुनेछ।

३२. **नेपाल सरकारसँग सम्पर्क** : प्रयोगशालाले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत राख्नु पर्नेछ।

३३. **नियम बनाउनसक्ने** : यस ऐनको कार्यान्वयनका लागि नेपाल सरकारले देहायका विषयमा नियम बनाउन सक्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्रयोगशालामा परीक्षणका लागि प्राप्त नमुना तथा सोसम्बद्ध कागजात तथा परीक्षण प्रतिवेदन सुरक्षित राख्ने समयावधि,

(ख) डिएनए परीक्षण,

(ग) परीक्षण पश्चात् फिर्ता पठाउन नमिल्ने प्रकृतिका जैविक नमुना सुरक्षित राख्ने अवधि,

(घ) वैज्ञानिक परीक्षण शुल्क,

(ङ) प्रयोगशालाको कोष र खाताको सञ्चालन,

(च) डिएनए डाटा बैङ्कको स्थापना र सञ्चालन, र

(छ) प्रयोगशालाबाट सम्पादन हुने अन्य काम।

**३४. विनियम बनाउने अधिकार** : (१) यस ऐनको अधीनमा रही सञ्चालक समितिले देहायका विषयमा आवश्यक विनियम बनाउन सक्नेछ :-

(क) कर्मचारीको सेवाका सर्त तथा सुविधा सम्बन्धी विषय,

(ख) आर्थिक प्रशासन सम्बन्धी विषय, र

(ग) सार्वजनिक खरिद सम्बन्धी विषय।

(२) उपदफा (१) बमोजिम बनाएको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

(३) उपदफा (१) बमोजिम विनियम बनाउँदा थप आर्थिक दायित्व पर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

**३५. कार्यविधि वा मापदण्ड बनाउनसक्ने** : प्रयोगशालाले आफ्नो काम कारबाहीलाई प्रभावकारी बनाउनको लागि यस ऐनको अधीनमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रही देहायका विषयमा आवश्यक कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ :-

(क) परीक्षण विधि र प्रक्रिया सम्बन्धी विषय,

(ख) नमुना सङ्कलन, व्यवस्थापन तथा नष्ट गर्ने सम्बन्धी विषय, र

(ग) प्रयोगशालाको गुणस्तर व्यवस्थापन सम्बन्धी विषय।

३६. **खारेजी र बचाउ** : (१) राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति (गठन) आदेश, २०५२ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको आदेशबमोजिमको गठित समितिमा कार्यरत स्थायी कर्मचारी प्रयोगशालाको समान स्तर र पदमा स्वतः कायम हुनेछन्।

(३) उपदफा (१) बमोजिमको आदेशबमोजिमको समितिको नाममा रहेको चल, अचल सम्पत्ति र दायित्व प्रयोगशालामा सर्नेछ।

(४) उपदफा (१) बमोजिमको आदेशबमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

प्रमाणीकरण मिति : २०८३।०६।३०

**आज्ञाले,**

**पाराश्वर ढुङ्गाना**

**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु.२५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।